नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# नापी विभाग

मिनभवन, काठमाडौं

## सर्भेक्षक तथा अमिन करारमा छनौट गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८१/०८/१३)

भूमि समस्या समाधान आयोगका लागि करार सेवामा कर्मचारी छनौटका लागि तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुलाई यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सूचनामा तोकिएको स्थानमा दरखास्त पेश गर्नु हुन आह्वान गरिएको व्यहोरा सुचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा | माग संख्या |
|---|---|---|---|---|
| १. | १/०८१-८२ | सर्भेक्षक | करार | २०० |
| २. | २/०८१-८२ | अमिन | करार | २७४ |

१) **परीक्षाको किसिमः** संक्षिप्त सूची (Shortlist) प्रकाशन, अन्तर्वार्ता।

२) **आवेदकको उमेरको हदः** पुरुष उम्मेदवारको हकमा आवेदन दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

तर, नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे समूह अन्तर्गत निजामती तथा संस्थान सेवाबाट अवकास प्राप्त कर्मचारीको हकमा ६० वर्ष उमेर ननाघेको हुनु पर्नेछ।

३) **दरखास्त पाइने स्थानः** नापी विभाग, मिनभवनको website: www.dos.gov.np बाट download गर्न सकिनेछ।

४) **दरखास्त बुझाउने स्थानः** (१) नापी विभाग, मिनभवन (२) नापी कार्यालय मोरङ्ग, बिराटनगर (३) नापी कार्यालय धनुषा, जनकपुर (४) नापी कार्यालय मकवानपुर, हेटौंडा (५) नापी कार्यालय कास्की, पोखरा (६) नापी कार्यालय दाङ्ग, घोराही (७) नापी कार्यालय सुर्खेत, विरेन्द्रनगर र (८) नापी कार्यालय कैलाली, धनगढी।

५) **आवेदन दिने अन्तिम मितिः** २०८१/०९/०३ गते कार्यालय समय भित्र। दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र।

६) **संलग्न गर्नुपर्ने आवश्यक कागजातः** आवेदनको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, तालिमको प्रमाणपत्रको प्रतिलिपि, अनुभव सम्बन्धी कागजातको प्रतिलिपि। (प्रतिलिपि कागजातहरु अनिवार्य रुपमा नोटरी पब्लिकबाट प्रमाणित गरिएको हुनु पर्नेछ)।

७) **पारिश्रमिक तथा सेवा सुविधाः** सम्बन्धित पदका लागि नेपाल सरकारले तोकेको स्थायी कर्मचारीको शुरु स्केल सरह।

८) **शैक्षिक योग्यताः**

क) सर्भेक्षकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी Survey वा Geomatics विषयमा ३ (तीन) वर्षे प्रविणता प्रमाणपत्र तह सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाण-पत्र तह उत्तीर्ण गरी कम्तिमा १ (एक) वर्षको जुनियर तालिम प्राप्त गरेको वा नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे समूह अन्तर्गत निजामती तथा संस्थान सेवाको न्यूनतम सर्भेक्षक पदमा अवकास प्राप्त गरेको हुनु पर्नेछ।

ख) अमिनको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. उत्तीर्ण वा एस.ई.ई. मा कम्तिमा सी. ग्रेड प्राप्त गरी Survey वा Geomatics विषयमा कम्तिमा १ (एक) वर्षको तालिम प्राप्त गरेको वा नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे समूह अन्तर्गत निजामती तथा संस्थान सेवाको न्यूनतम अमिन पदमा अवकास प्राप्त गरेको हुनु पर्नेछ।

९) **करार अवधिः** २०८२ असार मसान्तसम्म।

१०) **परीक्षा दस्तुरः** सर्भेक्षकको हकमा रु. ७००।- र अमिनको हकमा रु. ५००।-

(फाराम संकलन गर्न तोकिएको नापी कार्यालयले राजस्व दाखिला गर्ने बैंक मार्फत नापी विभाग, कार्यालय कोड ३३६०२३५०१ र राजस्व शीर्षक नं. १४२२४ मा दस्तुर जम्मा गरी सोको भौचर फाराम साथ संलग्न गर्नुपर्नेछ।)

११) **अन्तर्वार्ता मितिः** संक्षिप्त सूची (Short Listing) मा परेका उम्मेदवारको अन्तर्वार्ता मिति विभागले पछि तोक्नेछ।

| कार्यालय प्रयोजनका लागिः<br>रोल नं.......................<br>अधिकृतको दस्तखतः<br>................................ |
|---|

**नेपाल सरकार**

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

# नापी विभाग

## *भूमि समस्या समाधान आयोगका लागि करार सेवामा कर्मचारी छनौट गर्ने सम्बन्धी दरखास्त फाराम*

| हालसालै खिचेको मुखाकृति देखिने पासपोर्ट साइजको फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने |
|---|

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण

| १) विज्ञापन नं.: | २) सेवाः करार | ३) पदः |
|---|---|---|

(ख) उम्मेदवारको वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको | नाम, थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी, BLOCK Letter मा) | | लिङ्गः |
| | ना.प्र.नं. | | जारी गर्ने जिल्लाः | जारी मितिः |
| स्थायी ठेगानाः | प्रदेशः | जिल्लाः | न.पा./गा.पा. | फोन नं. |
| | टोलः | | मार्ग/घर नः | इमेलः |
| पत्राचार गर्ने ठेगानाः | | | | |
| बाबुको नाम, थरः | | | आमाको नाम, थरः | |
| बाजेको नाम, थरः | | | पति/ पत्नीको नाम, थरः | |
| जन्म मिति | (वि.सं.मा) | | (इ.सं.मा) | हालको उमेर.......वर्ष .....महिना |

(ग) शैक्षिक योग्यता/तालिम(दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| शैक्षिक योग्यता | विश्वविद्यालय/बोर्ड/ तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| आवश्यक न्यूनतम शैक्षिक योग्यता | | | | | |
| माथिल्लो शैक्षिक योग्यता | | | | | |
| तालिम | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण (दरखास्त फाराम भरेको पदसँग सम्बन्धित कार्यको अनुभव भएमा मात्र उल्लेख गर्ने)

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| उम्मेदवारको रेखात्मक सहीछाप | | उम्मेदवारको दस्तखतः |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

# प्रवेश-पत्र

| हालसालै खिचेको मुखाकृति देखिने पासपोर्ट साइजको फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने |
|---|

**उम्मेदवारले भर्ने:**

| | |
|---|---|
| (क) विज्ञापन नं. | |
| (ख) पदः | |
| (ग) उम्मेदवारको नाम, थरः | |
| (घ) उम्मेदवारको दस्तखतः | |

**कर्मचारीले भर्ने:**

रोल नम्बरः....................................

संक्षिप्त सूचीमा पर्ने उम्मेदवारहरुले अन्तर्वार्ताका लागि उपस्थित हुँदा यो प्रवेश-पत्र साथमा लिई आउनुपर्नेछ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुन सक्नेछ।

नोटः उम्मेदवारहरुले लोकसेवा आयोगको *"परीक्षार्थीले पालना गर्नुपर्ने शर्तहरु"* पालना गर्नुपर्नेछ।

संक्षिप्त सूची (Shortlist) मा परेका उम्मेदवारको नामावली नापी विभागको वेबसाइट *www.dos.gov.np* मार्फत प्रकाशन गरिनेछ।

............................

(अधिकृतको दस्तखत)